# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६


## सवारी पास रद्द गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०७७/०१/३१)

कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी महामारीको कारण देश लकडाउनको अवस्थामा छ । नेपालमा पनि कोरोना सङ्क्रमितको सङ्ख्या गुणात्मक रुपमा बढिरहेको छ । यो जुनसुकै बेला महामारीको रुपमा परिणत हुने संभावना देखिएकोले यस नगरपालिकालाई कोरोना भाइरस सङ्क्रमणबाट सुरक्षित तुल्याउन नगरपालिकाबाट नगरपालिकाक्षेत्रभित्र काम विशेषले चल्ने गरी दिईएका सम्पूर्ण सवारी पासहरु मिति २०७७/०१/३१ गतेदेखि लागू हुने गरी रद्द गरिएको व्यहोरा सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । अव उप्रान्त हेल्थ हेल्प डेस्कमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र विभिन्न स्थान तथा वडाहरुमा खटिएका स्वयम्सेवक समूहहरुले सवारी पासको सम्बन्धमा देहाय बमोजिम गुर्न तथा गराउनु हुन अनुरोध छ ।

(क) कुनै पनि प्रकारका सवारी साधनहरु (यात्रुवाहक तथा मालवाहक) को आवतजावतमा पूर्ण प्रतिबन्ध लगाउने । जिल्ला प्रशासन कार्यालयबाट अत्यावश्यक र आकस्मिक कार्यको लागि जारी सवारी पास एवम् यस नगरपालिकाबाट यस नगरपालिकाभित्रको लागि अत्यावश्यक र आकस्मिक कार्यको लागि जारी सवारी पास भएमा आवश्यक छानविन गरी विवरण इन्ट्रि गरेरमात्र चल्न दिने ।

(ख) यस नगरपालिका एवम् अन्य कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको हकमा कर्मचारी परिचयपत्र र सवारी पास भएमामात्र विहान ९:०० बजेदेखि १०:०० बजेसम्म र साँझ ५:०० बजेदेखि ६:०० बजेसम्म कार्यालय कामकाजको लागिमात्र सवारी चल्न दिने । अन्य अवस्थामा र समयमा सरकारी नम्बर प्लेट भएका सवारी साधन चलेको पाईएमा प्रयोजन, परिचयपत्र र सवारी पास सवै अध्ययन गरी सरकारी कामकाजको लागि खटिएको भएमामात्र सवारी चल्न दिने ।

(ग) यस नगरपालिकाको विभिन्न स्थानमा निर्माण भईरहेको योजनाहरुको लागि बालुवा, गिट्टी, ढुङ्गा, सिमेन्ट, रड, काठ लगायतका निर्माण सामग्रीहरु ढुवानीको लागि यस नगरपालिकाबाट अनुमति/सवारी पास पाएका मालवाहक सवारी साधनहरु सवारी पासमा उल्लेख भएअनुसार साँझ ६:०० बजेदेखि विहान ६:०० बजेसम्ममात्र चल्ने व्यस्वथा मिलाउने ।

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६


(घ) बिरामी व्यक्तिहरु बोकेका एम्बुलेन्सहरु निर्वाध रुपमा चल्न दिने । एम्बुलेन्स सेवाको दुरुपयोग गरेको पाईएमा दुरुपयोग गर्ने तथा गराउने दुवैलाई नियमानुसार कारवाही गर्ने ।

(ङ) दैनिक उपभोग्य वस्तुहरु (खाद्यान्न, तरकारी लगायत) बोक्ने सवारीसाधनहरु (नगरपालिका वा सम्बन्धीत निकायबाट सवारी पास लिएकामात्र) साँझ ६:०० बजेदेखि विहान ६:०० बजेसम्ममात्र चल्ने व्यवस्था मिलाउने ।

......................

रामबहादुर के.सी.

नि. प्रमुख प्रशासकीय अधिकृत